स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

वीरगञ्ज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड-२, २०७५ साल मंसिर महिना २५ गते, संख्या ११

**भाग - २**

# वीरगंज महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली –२०७५

स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

वीरगञ्ज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड-२, २०७५ साल मंसिर महिना २५ गते, संख्या ११

**भाग - २**

**वीरगञ्ज महानगरपालिका**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगंज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावलीसर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको नियमावली नं -११

## वीरगंज महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली -२०७५

# वीरगंज महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली -२०७५

प्रस्तावना

विपद न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम वीरगंज महानगरपालिका नगर कार्यपालिकाको बैठकबाट पारित गरी निम्नानुसारको नियमावली लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ

(१) यो नियमावलीको नाम वीरगंज महानगरपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन नियमावली-२०७५ रहेको छ ।

(२) यो नियमावली प्रमाणीकरण हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "कोष" भन्नाले नियम ३ बमोजिम सञ्चालन एवम् व्यवस्थापन गरिने विपद व्यवस्थापनको रकम सम्झनुपर्दछ ।

(ख) "वडा" भन्नाले महानगरका वडा समितिलाई सम्झनुपर्दछ ।

(ग) "तोकिए वा तोकिए बमोजिम" भन्नाले प्रचलित कानून अनुसार तोकिएको वा तोकिए बमोजिमको कुराहरु सम्झनुपर्दछ ।

## परिच्छेद-२
## कोष सञ्चालन एवम् व्यवस्थापन

३) कोषको स्थापना

(१) विपद व्यवस्थापन ऐनले व्यवस्था गरे बमोजिम एक कोष खडा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बनेको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) महानगरका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम ।

(ख) नगर सभाद्वारा विनियोजन गरिएको रकम ।

(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम ।

(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(ङ) वडा कार्यालयले विपद व्यवस्थापनमा विनियोजन गरेको रकम ।

४) <u>कोषको प्रयोग</u>

(१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

(क) प्राकृतिक प्रकोप, विपदबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्न ।

(ख) तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउन ।

(ग) विपद पश्चात् तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न ।

(घ) विपदबाट घाइते तथा बिरामीको औषधी उपचार गर्न ।

(ङ) विपदबाट देहावसान भएका काजक्रियाको लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने ।

(च) बाढी, पहिरो तथा भूक्षयको साथै आगलागि एंव शीतलहरको तत्कालिन नियन्त्रण गर्ने ।

(छ) विपद व्यवस्थापनका सचेतनामूलक कार्यक्रम गर्न, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।

ज) प्राकृतिक प्रकोप, विपदबाट असर परेकाहरूको उद्धारका लागि खटिएका सवारी साधनको इन्धन मर्मत कार्य गर्न ।

५) कोषको रकम प्रयोग गर्न नहुने

(१) नियम (४) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन ।

ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।

ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।

घ) विपदसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

६) कोष सञ्चालन समिति

(क) महानगरस्तरमा सञ्चालित विपद व्यवस्थापन कोषको सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ,

अध्यक्षः महानगरीय बिपद व्यवस्थापन समितिको संयोजक (नगर प्रमुख)

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः नेपाल रेडक्रस सोसाईटिको प्रतिनिधि

सदस्यः तोकिएको कार्यपालिका सदस्य १ जना

सदस्यः लेखा शाखाको अधिकृत स्तरको कर्मचारी

सदस्यः विपद व्यवस्थापन शाखाको अधिकृत स्तरको कर्मचारी

(ख) वडास्तरमा विपद व्यवस्थापनको बजेट व्यवस्था भएमा मूल कोषमा समावेश गरी वडास्तरीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

(ग) अन्य कुराहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछन् ।

७) कोषको व्यवस्थापन तथा सञ्चालन

(१) कोषको एउटा छुट्टै खाता रहनेछ । उक्त खातामा कोष सञ्चालनका लागिप्राप्त रकम जम्मागरिनेछ ।

(२) समितिको सदस्य सचिव र लेखा प्रमुख वा महानगरपालिकाले तोकेको लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट उपनियम (१) बमोजिमको खाता सञ्चालन गरिनेछ ।

८) आर्थिक सहायता एवम् पूर्वतयारी योजना

(१) प्रकोपको जोखिममा रहेका क्षेत्रको Hazard Mapping तथा Risk Assessment को व्यवस्था गर्नुपर्नेछ । यस कार्यको लागि समितिको अध्यक्ष स्तरबाट स्वीकृत लागत अनुमान अनुसार खर्च गरिनेछ ।

(२) कोष सञ्चालन समितिको निर्णयानुसारखोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्बन्धी अत्यावश्यक औजारको प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) कोष सञ्चालन समितिको निर्णयानुसार सामुदायिक स्तरमा विपद पश्चात्को विपद व्यवस्थापनको योजना सञ्चालन गर्ने ।

(४) कोष सञ्चालन समितिको निर्णयानुसार सामाजिक एवम् गैरसरकारी संघ संस्थाको सहयोग लिई विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(५) विपद तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.१,००,०००(अक्षरेपी एक लाख)का दरले वडा कार्यालय समितिको सिफारिसमा आर्थिक सहायता उपलब्ध गराउने ।

(६) विपदबाट आवगमन अवरुद्ध भएको भए मेसिनरी औजार प्रयोग गरी डाईभरसन बनाउनका लागि बढीमा २४ घण्टा जेसिभी प्रयोगको रकम वडा कार्यालयको सिफारिसमा

समितिको अध्यक्षले निर्णय गरी खर्च गर्ने । सो भन्दा बढी समय लाग्ने भएमा कोष सञ्चालन समितिको निर्णय अनुसार महानगरस्तरीय समिति वा अध्यक्षको आदेश पश्चात् मात्र काम गराउने ।

(७) विपदबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्नबाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रु. १०,०००।-(अक्षरेपी दश हजार)सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(८) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. ५०,०००।- (अक्षरेपी पचास हजार) सम्म आर्थिक सहायता प्रदान गर्ने ।

(९) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुर्‍याउने प्रबन्धका साथै औषधी खर्चको व्यवस्था मिलाउने ।

(१०) प्रकोपबाट पीडितका लागि आश्रयस्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामग्री काठ, बालुवा, गिटी (स्थानिय स्तरमा उपलब्ध हुने) उपलब्ध गराउने ।

(११) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चट्याङका साथै प्रकोपका कारणबाट भएको हवाई सडक एवम् डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितलाई मात्र राहत

सहयोग उपलब्ध गराउने तर राहत उपलब्ध गराउदा अनिवार्य रुपमा प्रहरी मुचुल्का तथा वडा कार्यालयको सिफारिस समाबेश गर्नुपर्नेछ ।

(१२) बाढीजन्य विपद तथा प्रकोपका कारण नदीको कटानले गर्दा जमिनमा पहिरो गई क्षयीकरण भएमा जाली उपलब्धताका लागि सम्बन्धित निकायमा पत्राचार गरी उपलब्ध गराउने तर जाली भर्ने ढुङ्गा एवम् सामग्री स्थानीय स्तरबाटै व्यवस्थापन गर्नुपर्ने ।

(१३) विपदको समयमा खानेपानी आपूर्ति बन्द भएमा सुचारु गर्ने प्रबन्ध तत्कालै वडास्तरमै मिलाउने ।

(१४) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने ।

९) अधिकार प्रत्यायोजन

विशेष परिस्थतिमा महानगरस्तरीय बिपद ब्यवस्थापन समितिले आफूमा रहेको केही अधिकार समितिको निर्णयबाट वा सबै अधिकार वडास्तरमा प्रत्यायोजन गर्न सक्नेछ ।

१०) लेखा तथा लेखापरीक्षण

(१) कोषको आम्दानी खर्चको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

पारित मिति: २०७५।०८।१८

प्रमाणीकरण मिति: २०७५।०८।२५

आज्ञाले,

डा. भीष्म कुमार भूसाल

प्रमुख प्रशासकीय अधिकृत